# चौतारा साँगाचोकगढी नगरपालिकाको एक घर एक करेसावारी, एक टनेल, एक पोखरी कार्यक्रम कार्यविधि, २०७९

**स्वीकृत मिति : २०७९/०९/२५**

**प्रस्तावना :**

चौतारा साँगाचोकगढी नगरपालिका भित्र वसोवास गर्ने कृषि पेशामा प्रत्यक्ष संग्लन भई जिविकोपार्जन गर्ने कृषकहरुलाई समयको भरपुर सदुपयोग गर्दै आफ्नो परिवारको लागि आवश्यक ताजा तरकरी उत्पादन गरी उपभोगको लागि प्रत्येक कृषकलाई नमुना करेसावारी स्थापना गर्न प्रोत्साहन गराउने उद्देश्यका साथ कार्यविधि निर्माण गरी लागू गर्न आवश्यक देखिएकोले यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यो कार्यविधिको नाम "चौतारा साँगाचोकगढी नगरपालिकाको एक घर एक करेसावारी एक टनेल, एक पोखरी कार्यक्रम कार्यविधि, २०७९" रहेको छ ।

२. यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

३. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्दछ ।

(ख) "कृषक" भन्नाले निरन्तर कृषि पेशामा लागि खेतवारीमा काम गरेर आफ्नो जीवीका चलाउने व्यक्ति सम्झनुपर्दछ ।

(ग) "करेसावारी" भन्नाले सामान्यता एउटा सानो तथा मध्यम परिवारले आफ्नो घर भान्छामा उपभोग गर्ने तथा आम्दानीको स्रोत बनाउने उद्देश्यले विभिन्न जातका तरकारी बालीहरु लगाईएको सानो जग्गाको प्लट वा क्षेत्रफल सम्झनु पर्दछ ।

(घ) "टनेल" भन्नाले करेसावारीमा मौसमी वा बेमौसमी समयमा विभिन्न बाली उत्पादन गर्नका लागि बाँस र सिल्पोलिन प्लाष्टिक आदि सामग्रीको प्रयोगबाट बनेको अस्थाई घरको संरचना सम्झनुपर्दछ ।

(ङ) "पोखरी" भन्नाले करेसावारमिा उत्पादन गरिने बालीहरुलाई आवश्यकतानुसार सिंचाई दिनका लागि पानी संकलन गर्न निर्माण गरिएको निश्चित आकारको खाडल संरचना सम्झनु पर्दछ ।

## परिच्छेद–२

## एक घर एक करेसावारी एक टनेल, एक पोखरी कार्यक्रम

४. **कार्यक्रमको ढाँचा :** चौतारा साँगाचोकगढी नगरपालिका भित्र वसोवास गरी करेसाबारी संचालन गर्न चाहने कृषकहरुलाई नमुना करेसावारी स्थापना गर्न विउ, विजन, एक टनेल, एक पोखरी मागको आधारमा आवश्यकताको पहिचान गरी वितरण गरिनेछ ।

## परिच्छेद–३

## कार्यक्रम संचालन

५. यस नगरपालिका भित्र स्थायी वसोवास गरी कृषि करेसावारी संचालनमा प्रत्यक्ष संलग्न कृषक मार्फत् यो कार्यक्रम संचालन गरिनेछ ।

६. करेसावारी संचालन गर्न चाहने कृषकलाई आवश्यकताका आधारमा विउ, विजन, प्लाष्टिक टनेल, आईरन टनेल तथा पानी संकलन गर्न पोखरी वितरणमा सहयोग गरिनेछ ।

७. यस कार्यक्रम संचालन गर्न ईच्छुक कृषकहरुले नगरपालिकाबाट प्राप्त अनुदान रकमको २५ प्रतिशत रकम स्वंय कृषक आफैंले साझेदारी गर्नुपर्नेछ ।

८. **प्रस्ताव मागको सूचना प्रकाशित गर्ने :**
***प्रस्ताव माग गर्दा निम्नानुसारका कागजपत्र माग गरिनेछ ।***

(क) कृषकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

(ग) कृषकको तर्फबाट निवेदन ।

(घ) जग्गाको लालपूर्जाको प्रतिलिपि ।

९. **कार्यक्रम छनौट : कार्यक्रम छनौट गर्दा कार्यविधि अनुरुप मापदण्ड पुगेका कृषकलाई मात्र कार्यक्रममा सहभागी गरिनेछ । छनौटको लागि निम्नानुसारको छनौट समिति हुने छ ।**

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

*(समितिलाई राय, सल्लाह, सुझाव आवश्यक परेमा अन्यलाई आमन्त्रित गर्न सक्नेछ)*

१०. **यसरी छनौट भएका कृषकहरु बाट निम्नानुसारका प्रमाणहरु पेश भए पश्चात मूल्यांकन गरिने छ :**

(क) कृषकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

(ख) सम्वन्धीत वडा कार्यालयको सिफारिस ।

(ग) कृषकको तर्फबाट निवेदन ।

(घ) जग्गाको लालपूर्जाको प्रतिलिपि ।

## परिच्छेद –४
## कार्यक्रम संचालन तथा व्यवस्थापन

**११.** यस कार्यविधि बमोजिम यस नगरपालिका भित्र संचालन हुने एक घर एक करेसावारी एक टनेल, एक पोखरी कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन र निर्देशन नगरपालिकाद्धारा गरिने छ ।

**१२.** कार्यक्रमको व्यवस्थापन : चौतारा साँगाचोकगढी नगरपालिकाको स्वीकृत वार्षिक बजेटको सिमा भित्र रही कार्यक्रमको कार्यन्वयन तथा व्यवस्थापन गरिने छ ।

**१३.** कार्यक्रमको अनुगमन,मूल्यांकन :कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नको लागि यस नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारी रहेको एक अनुगमन तथा मूल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| उप प्रमुख | **संयोजक** |
| आर्थिक विकास समितिका संयोजक | **सदस्य** |
| सम्बन्धित वडाको वडा अध्यक्ष | **सदस्य** |
| प्रशासन/योजना शाखाका शाखा प्रमुख | **सदस्य** |
| सम्बन्धित शाखाको प्रमुख | **सदस्य सचिव** |

## परिच्छेद–५
## बजेट व्यवस्था

१४. चौतारा साँगाचोकगढी नगरपालिकाले वार्षिक बजेटमा कार्यक्रम स्वीकृत भए वा नगर कार्यपालिकाको वैठकबाट निर्णय भए पछि मात्र यस्तो कार्यक्रम संचालन गरिने छ । यसरी विनियोजन भएको बजेट यस कार्यविधिको अधिनमा रही खर्च गरिनेछ ।

१५. यस कार्यविधिको परिधि भित्र रही नगरपालिकाबाट छनौटमा परेको कृषक लाई एकमुष्ट रुपमा स्वीकृत भए अनुसार एक घर एक करेसावारी एक टनेल, एक पोखरी कार्यक्रम दिनको लागि आवश्यक रकम नियमानुसार भुक्तानी गरिनेछ । उक्त अनुदान रकम असार मसान्त भित्र भुक्तानी लिई सक्नु पर्नेछ ।

१६. खर्चमा बन्देज : आर्थिक वर्षको वार्षिक बजेटमा कार्यक्रम समावेश नगरी वा नगर कार्यपालिकाको वैठकबाट कार्यक्रम स्वीकृत नगरी यस किसिमको खर्च गरिने छैन ।

१७. पारदर्शिता र उत्तरदायित्व : यस किसिमको कार्यक्रम संचालन गर्दा कार्यविधि अनुसार पारदर्शिता र उत्तरदायित्व कायम गरिनेछ ।

## परिच्छेद–६
## विविध

१८. एक घर एक करेसावारी एक टनेल, एक पोखरी प्रोत्साहन अनुदान कार्यक्रम सूचना व्यवस्थापन प्रणाली: यस किसिमबाट कार्यक्रम संचालन भएको सम्पूर्ण अभिलेख व्यवस्थापन अद्यावधिक गरी राखिने छ ।

१९.	कार्यविधि बमोजिम हुने : एक घर एक करेसावारी एक टनेल, एक पोखरी कार्यक्रमको रकम यसै बमोजिम बनेको कार्यविधिमा उल्लेख भए बमोजिम खर्च हुनेछ ।

२०.	थपघट वा हेरफेर तथा बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने : चौतारा साँगाचोकगढी नगरपालिकाले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा अड्काउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट गर्न आवश्यक निर्णय लिन सक्नेछ ।